हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

लेख, रचना, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्फनुहोस्।

लहानपोस्ट दैनिकको कार्यालय
लहान न.पा.-१०, ग्रामीण चौक
फोन नं.: ०३३-५६१९६७,
९८५२८२४९६७, ९८५२८३९३१५,
९८०२३१९१९२, ९८०२३१९१९३

बर्ष : ०१ अंक : ३८ पृष्ठ : ४ २०७७ भदौ ६ गते शनिबार (Saturday 22 August 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

•शनिबार विशेष : फोटो फिचर•

## लकडाउनमै विकासमा फड्को मार्दै धनगढीमाई नगरपालिका


प्रशासकीय भवन


जनता मा.वि. (प्राविधिक धार) तिनकोनी


नमूना मूसहर बस्ती

**लहान** । गत चैत ११ गतेदेखि कोरोना भाइरसका कारण लकडाउन सुरू भयो । सबै क्षेत्र प्रभावित भए । काम ठप्प जस्तै हुन पुग्यो । कोरोनाकै बीच धनगढीमाई नगरपालिकामा प्रमुख प्रशासकिय अधिकृत फेरिए । सरुवा भएर शिवराज चौलागाँई आए । कर्मचारी र जनप्रतिनिधिको प्रयासले यस नगरपालिकाले विकासका योजनाहरूमा नमूना काम गरेका छन् । नगरपालिकाले गाउँगाउँमा कालोपत्रे, मुसहर बस्तीलाई पक्की घर, खेलकुदका लागि कबर्ड हल, प्रशासनिक भवन, विद्यालयहरूमा भवन, स्वास्थ्य चौकी, मदन भण्डारी स्मृति पार्क, रिटेनिङ्बाल निर्माण लगायत क्षेत्रमा भौतिक संरचना तयार गरिने कार्यहरु गरेका छन् । वडा नम्बर १२ मा २० लाखमा कालोपत्रे, वडा नम्बर ३ मा ५५ लाखमा कालोपत्रे, ५० लाख रूपैयाँ कबर्ड हल निर्माण, वडा नम्बर १४ मा १९ लाख रूपैयाँमा मदन भण्डारी पार्क, माछा बजार व्यवस्थित गर्न सेड निर्माण, खोलाको बाढीबाट बचाउन रिटेनिङ् बाल निर्माण गरिएको नगरपालिकाले जनाएको छ । रिटेनिङ् वाल निर्माण गर्न दुई आर्थिक वर्षको बजेट लगाइएको थियो । यसैगरी, जनता माध्यमिक प्राविधिक विद्यालय तिनकोनीमा विभिन्न निकायबाट बजेट माग गरी ४३ कोठे भवन निर्माण थालिएको छ । जसमा विज्ञान र कम्प्युटर प्रयोगशाला, बैठक हललगायतका भौतिक संरचना तयारीको चरणमा छन् । विद्यालयमा तराई मधेश समृद्धि कार्यक्रमबाट १ करोड ४० लाख, जिल्ला समन्वय समितिबाट ४० लाख, नगर शिक्षा शाखाबाट ३९ लाख, मन्त्रालयको ५० लाख, नगरपालिका र वडाको ३८ लाख बजेट लगाइएको मेयर हरिनारायण चौधरीले जानकारी दिए । उनका अनुसार विद्यालयमा पठन पाठनको संकायहरु थपिदैछ । सोही अनुसार भौतिक संरचना पनि तयारी भइरहेको छ । त्यस्तै नगरपालिकाको प्रशासनिक भवन पनि १२ करोड ७५ लाख रूपैयाँ लागतमा निर्माण हुँदैछ । जुन प्रविधिमैत्री छन् । गाउँमा कालोपत्रे सडक बनेपछि धुलो हिलोबाट मुक्ति पाएको स्थानीयवासीले सुनाए । गाउँघर पनि सफा देखिन थालेको छ । 'कोरोनाकै बीच जेठको पहिलो हप्तादेखि काम सुरू गरिएको थियो । भौतिक दूरी कायम गरी सामाग्री ल्याइएको थियो,'मेयर चौधरीले भने,'बैशाख सम्म हामी ३५ प्रतिशत भौतिक प्रगतीमा थियौं, असार मसान्तसम्ममा भौतिक प्रगति ९० प्रतिशत पुग्यो । यसमा कर्मचारीहरूले भरपुर सहयोग

———बाँकी ४ पेजमा

## बाटो बिस्तारको नाममा चुरे उत्खनन

**सिरहा** । सिरहाको मिर्चैया नगरपालिका-७ स्थित मिर्चैया-कटारी सडकखण्डमा बाटो बिस्तारको नाममा चुरे उत्खनन् भइरहेको स्थानीयले गुनासो गरेका छन् । अव्यवस्थित तरिकाले गरिएको चुरे उत्खनन्ले पहिरोको समस्या बढेको छ ।

मिर्चैया नगरपालिका र उदयपुरको कटारी नगरपालिकाको सीमासँग जोडिएको चुरे क्षेत्र उत्खनन् भइरहेको स्थानीयले बताए । कुनै पनि ठाउँमा उत्खनन् गरिँदा वन समिति, सम्बन्धित पालिका तथा निकायसँग सहमति लिनुपर्ने प्रावधान छ । तर, मिर्चैया नगरपालिका क्षेत्रभित्र पर्ने सो चुरे उत्खनन्को लागि यहाँका निकायलाई जानकारी नै नदिएको स्थानीयले बताए । सडक

———बाँकी ३ पेजमा

## सिरहामा २ स्वास्थ्यकर्मीसहित ४२ संक्रमित थपिए

**लहान** । सिरहामा शुक्रबार ४२ जना कोरोना भाइरस (कोभिड-१९) का संक्रमित थपिएका छन् । संक्रमित थपिएकामा २२ जना प्रहरी छन् । उनीहरूको पीसीआर रिर्पोट पोजेटिभ आएको छ । योसँगै सिरहामा सक्रिय संक्रमित संख्या १३९ पुगेको छ । जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवका अनुसार इलाका प्रहरी कार्यालय लहानमा कार्यरत एक प्रहरी निरिक्षकसहित २२ प्रहरी, ८ जना थुनुवा, कारागार पठाइएका एक र पशुपति आदर्श



नगरमा कोरोना भाइरसको संक्रमित फेला पर्न थालेपछि धनगढीमाई नगर पालिकामा प्रवेशमा निषेध लगाउँदै स्थानीयवासीले लगाएको बार ।

मावि क्वारेन्टाइनमा रहेका एक जना थपिएका छन् । त्यसैगरी धनगढीमाई नगरपालिकास्थित नयनपुर अस्पतालका दुई जना स्वास्थ्यकर्मी र दुई जना सर्वसाधारण गरी चार जना तथा मिर्चैया नगरपालिकाका चार जना कर्मचारीमा पनि कोरोना संक्रमण भेटिएको छ । गोलबजार नगरपालिकाका एक जना स्वास्थ्यकर्मी र एक जना कार्यालय सहयोगीमा पनि संक्रमण पुष्टि भएको छ ।

**मृत्युपछि संक्रमण पुष्टि**

मिर्चैया नगरपालिकाका एक जनाको मृत्युपछि कोरोना संक्रमणको पुष्टि भएको हो । स्वास्थ्य कार्यालयका अनुसार ती ६८ वर्षीय पुरूषको स्वाब मिर्चैयाको क्वारेन्टाइनबाट गत साउन २ गते बिहान ८ बजे लिइएको थियो । मधुमेहका बिरामी रहेका ती पुरूषलाई स्वाब लिएको केही घण्टा पश्चात् उच्च रक्तचापको समस्या पनि देखिनुको साथै उच्च ज्वरो पनि आएको थियो । ज्वरोको कारण नै उनको साउन ३ गते बिहान ७:३० बजे मृत्यु भएको थियो ।

मृत्यकको दाहसंस्कार पनि गरिसकेको छ । दाहसंस्कारमा संलग्न सबैलाई क्वारेन्टाइनमा बोलाई स्वाब संकलन गर्ने तयारी भइरहेको मिर्चैया नगरपालिकाले जनाएको छ ।

भित्री पृष्ठमा

चौरचन पर्व र यसको महत्व
पेज २ मा

विषधरको टोकाइ: अमरताको इच्छा
पेज २ मा

ललित कलामा संगीत
पेज ३ मा

स्थानीय सरकारका चुनौती
स्तम्भ : पालिका बहस
पेज ४ मा

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

हिमालय सुगर मिल्सको ई. डी. सरेश सर्राफ, महाप्रबन्धक टे. सत्य नारायण कुशवाहा तथा महाप्रबन्धक उखु प्रशासन अवध किशोर यादव साथमा उखु विभागका जिल्लाभरीको फिल्ड स्टाफ जे.टि.ए.उखु विकास अधिकृतहरूको उपस्थितिमा भदौ, असोज र कार्तिकमा उखु खेतीबारे छलफल तथा यस वर्षको लागि उखु रोपाइँको सिजन गर्नुपर्ने भएकोले आ-आफ्नो खेतीयोग्य जग्गालाई राष्ट्र तथा आफ्नो विकासमा लगाई सुवर्ण अवसरलाई सदुपयोग गर्नु हुनका लागि सम्पूर्ण कृषक महानुभावहरूमा अनुरोध छ ।

हार्दिक शुभकामना



सिरहाको लहानबाट "**लहान पोस्ट**" राष्ट्रिय दैनिक पत्रिका र 'www.lahanpost.com' प्रकाशनमा आएको हुँदा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दै शुभकामना व्यक्त गर्दछु ।

**सन्तोष उपाध्याय**

क्षेत्रीय सचिव एवं प्रदेश 'क' संयोजक
नेपाली कांग्रेस सिरहा क्षेत्र नं. १ समिति

## चौबटिया

# विषधरको टोकाइ : अमरताको इच्छा



अर्जुन प्रसाद गुप्ता 'दर्दिला'
*कवि तथा गितकार*

आजको चौबटियामा साहित्य श्रृंखला भन्दा पृथक लेख्ने प्रयास गरेको छु । संसारमा भएका परिवर्तनहरू जनताको सहभागितामा भएको सत्यलाई नकार्न सकिन्न र नकार्न मिल्दैन पनि । र, आत्मसात स्विकारिनु पर्दछ । तर परिवर्तन हुनअघि जुन देशका जनता राजनैतिक रुपले सचेत र सजग भएको छैन त्यो देशमा विकासको विनाश भएको पाइन्छ । जुन देशको जनता राजनैतिक रुपले सचेत र सजग रह्यो त्यो देश विश्वका नमूना देश भएको पाइन्छ । जुनसुकै देशको विकास जनताको सहभागितामा नै हुने गरेको पाइन्छ ।

जहाँका जनता देशका समस्यालाई आफूभन्दा अलग मानेका छन् आफ्नो व्यक्तिगत समस्या नै आफ्नो समस्या भएको ठानेका छन् त्यो देश संसारकै गरिब देशको सूचीमा परेको छ । व्यक्तिवादी सोंचले देशको विकास हुन सक्दैन, देश विकासको लागि राष्ट्रवादी सोंच नै चाहिन्छ अनि जनताका समस्याको अन्त्यका लागि समाजवादी सोंचको खाँचो पर्दछ । नेपालमा थुप्रै पटक सत्ता विरुद्ध संघर्ष भए । कतिपय संघर्ष सफल भएपनि लक्ष्यविहीन र महत्वहीन बनाइए । यसमा नयाँ सत्ता सम्हालेका शासकले आफ्नो व्यक्तिवादी, कृपावादी, नातावादी तथा महत्वाकांक्षी सिद्धान्तले अभिप्रेरित सविधाभोगी शासन शैलीको कारण ती संघर्षहरूका सफलताहरू उपलब्धिहीन भएको पाइन्छ । संघर्ष सत्ता परिवर्तनका लागि मात्रै भएको प्रमाणित भएको पाइन्छ । यसै अवस्थाको मौका छोपी प्रतिगमनकारीहरूले जनतामा भ्रमको खेती सुरु गर्न पाउँछन् ।

यसका प्रमाणहरू यहाँ उल्लेख गरिरहनु आवश्यक ठान्दिन । बितेका दिनमा राजतन्त्रको आयू लम्बिएको कारण पनि यिनै हुन् र वर्तमानमा पुनः पुनरुत्थानवादीहरूको चलखेल बढीसकेको पाइन्छ । अहिलेका शासकहरूमा क्रियाकलापले जनता आजित भएर विकल्प खोजिरहेको बेला प्रतिगमनकारी शक्तिहरूले दाउमा आफ्नो उपस्थितीको संकेत दिदैछन् । यत्तिसम्म कि कुनैपनि समस्यालाई राजनैतिक रंग दिई जनताबीच पहिलाकै राजतन्त्र ठीकको कुरा ल्याई हाल्छन् र जसले उसको विरोध गर्छन उसलाई 'ए ! तँराजा विरोधी पख राजाको शासन छिट्टै आउँदैछ, तेरो नाम राजाको विरोधीमा राखिन्छ ।' भन्ने धम्की दिन थाल्छन् ।

जनताले प्रत्यक्ष रुपमा राजतन्त्रको वैकल्पिक शासन संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातान्त्रिक शासनदेखि लोकतन्त्र हुँदै लोकतान्त्रिक गणतन्त्रको शासन पनि भोगी सके र भोग्दैछन् । यसको परिणाम सकारात्मक कम र नकारात्मक बढी देख्दैछन् । समस्याको समाधान हुनुको साटो थपिई रहेको वास्तविकतालाइ ढाकछोप गरिनु भनेको जनतालाई ठग्नु हो ।

नेपाली जनताले कुलीनतन्त्रदेखि गणतन्त्रसम्मको शासन भोगे र त्यो शासनभन्दा यो शासनमा सकारात्मक परिवर्तन पाएनन् भने नीरास हुनेछन् र परिणाम गणतन्त्रको पनि विकल्प खोज्न वाध्य हुनेछन् । यी कुराबाट अनभिज्ञ त पक्कै पनि अहिलेका शासक वर्ग छैनन् । किनकी, ठूल्ठूला आन्दोलन र जनविद्रोह गरेर आएका शक्तिको हातमा पूर्ण बहुमत भएको सरकार छ ।

देशका हरेक घरमा समस्या छन् तर सरकार पूँजीपतिको समस्यामा अल्झेको पाइन्छ । जनता यो सरकारबाट भ्रष्टाचारमा मलजल गरिरहेको अवस्थाका समाचारहरू पढ्न, सुन्न, हेर्न र भोग्न विवश भइरहेका छन् । 'वर्षाको समयमा ठूलै चिरा लागेको पहाडमा जुनसुकै बेला पहिलो जाने' सम्भावनालाई नजर अन्दाज गरिनुहुँदैन ।

जनतासँगको बाचालाई भुल्ने काम कहिंकतैबाट हुनुहुदैन । जनताले परिवर्तनभन्दा पहिलेका भेषभुषा भुलेका छैनन् र अहिलेका सुखसयललाई नजर अन्दाज गरिरहेका छैनन् । जनताको मूड कतिबेला बदलिन्छ बुझ्न गाह्रो छ यी कुरा त नेतृत्वहरूले बुझेको हनपर्छ । 'जनताको आँसु वर्षायामको भीषण वर्षा' भएर झरीमा परिणत भयो भने 'चिरा परेको पहाड' को हालत नहोला सोच्नु मूर्खता हुनेछ ।

अहिले कोरोना कहरको अवस्थामा जनतालाई उपचारमा कमजोरी निरीहता देखाइनु र सरकार करोडौं अर्बौंको आफ्नो सुख सुविधाको हिसाब जनताले पनि राखिरहेका छन् । जनतालाई जनविद्रोहसम्म लगेर जनयुद्धमा होमेका शक्ति सरकारमा छन् र जनता फेरि समस्या भोग्न लाचार छन्, विचारणीय अवस्थालाई ध्यान दिइएन भने त्यसको अवस्था शत्रुलाई हतियारको रुपमा प्रयोग नहोला भन्न सकिन्न । जनताले रगतको भेल बगाएर ल्याएको गणतन्त्रको साँचो अहिलेको सरकारको हातमा छ । जनताको मस्तिष्कमा यो पछुतो नआओस् 'विषधरको टोकाइबाट अमरताको इच्छा राखिएछ ।'

सरकार जनतावादी वन हठवादी होइन । जनतालाई बचाउनेमा अहिले रकम छुट्टयाउ, कार्पेट बदल्ने र चिप्लो महँगा गाडी किन्नमा होइन ।

# चौरचन पर्व र यसको महत्व

**लहान ।** तराई क्षेत्रमा धुमधामका साथ आस्था तथा निष्ठापूर्वक महान पर्व चौरचन मनाईदै छ । सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा लगायत भारतका केही राज्यहरूमा समेत चौरचन पर्व मनाइन्छ ।

हिन्दु धर्मावलम्बी समुदायका व्यक्तिहरूले यस पर्वलाई विशेष महत्वको साथ मनाउने गरिन्छ । राति ब्रतालु महिलाहरू आ–आˆ नो घरको आँगनमा पूजा सामग्री चढाएर उदाउँदै गरेको चन्द्रमालाई अर्घ्य दिएर यो पर्व मनाउँछन् ।

तराई क्षेत्रमा मनाइने पर्वहरूमा अधिकांशमा स्थानीय स्तरमा उत्पादन हुने सामग्रीको प्रयोग भएको हुन्छ । विभिन्न भाकल पुरा गर्न तराई मधेसका मानिसहरू चौरचन, दिपावली, घडी पर्व, जितिया, छठ पर्व लगायतका विभिन्न पर्वहरू मनाउने गरिन्छ । मिथिलाञ्चलको कृषिमा आधारित जीवन चक्रले यस्ता लोक पर्वहरूलाई बडो सहजता साथ स्वीकार गरी घर-परिवार सपार्न निष्ठाको प्रदर्शन गर्दै प्रशन्नता बटुल्ने सत्प्रयास गर्दै समयको अन्तरालमा परिवर्तन साथ यसको मौलिक अवधारणालाई कायम राख्दै पर्वको निरन्तरता कायम राखेका छन् ।

भदौ शुक्ल चौथीका दिन मनाइने चौरचन पर्वमा सूर्यास्तपछि गाईको गोबरले लिपेर बनाइएको आँगन माझको चतुष्कोण यज्ञस्थलमा दीप प्रज्वलन गर्दै घरमूली ब्रतालुले फलफूल र मिष्ठान्न परिकार चन्द्रमालाई देखाएर चौरचन व्रत समापन गर्ने परम्परा छ ।

घरको आँगनमा गाईको गोबर वा चिकनी माटोले लिपेर त्यसमा चामलको पिठोबाट बनाईएको अरिपनमा नयाँ माटोको भाँडोमा जमाइएको दही, मिठाइ, नरिवल, केरा, पुरीलगायतका सामग्रीलाई राखेर पूजा गरिन्छ । चौंठचनको पूजामा मुख्य भूमिका निर्वाह गर्ने व्यक्ति उपवासमा बस्छन् । खासगरि खिर, पुरी, दही र गच्छेअनुसारका अन्य मिष्ठान्न परिकार तथा केरा र मौसम अनुसारका फलफुल चन्द्रमालाई



देखाएर इष्टजनसहित परिवारजनलाई चतुष्कोण वेदीस्थलमै बसाएर प्रसाद खुवाएपछि यो पर्व सम्पन्न हुन्छ । यो पर्व खासगरी मैथिली समुदाय र थारु जातिमा मनाइने गरिएको छ ।

### चौरचनको महत्व

चौरचन पर्व मिथिला क्षेत्रको पारम्परिक लोकपद्धतिमा आधारित पर्व रहेको जानकारहरू बताउँछन् । संस्कृतिविदहरूका अनुसार हामीकहाँ जति लोक परम्परा रहेको छ त्यसमा कुनै प्रकारको भेदभाव हुँदैन् । यसमा कुनै तामझाम हुँदैन् । यसमा प्रयोग हुने विभिन्न सामग्री जस्तै माटोको भाँडा, फलफूल, पिठोबाट बनेको परिकार, दही लगायतका सम्पूर्ण सामग्री आˆ नै घर आँगनबाट उत्पादन भएको प्रयोग हुन्छ । संस्कृतिविदका अनुसार मानिस जन्म लिएपछि उनीहरूले सूर्य र चन्द्रमालाई मात्र हेर्‍यो भने बाँकी सबै देवी देवतालाई शास्त्रीय विधि अनुसार प्रतिष्ठानमा राखेर पूजा गरिन्छ ।

चौरचन पर्वको आयोजना भाद्र शुक्ल चतुर्थी तिथिका दिन रातिमा मनाइन्छ । यो वास्तवमा चन्द्रमाको पूजा हो । भनिन्छ 'यो तिथिमा चन्द्रमालाई नाङ्गो आँखाले हेर्दा कलंक (अपयश) लाग्ने हुनाले पूजा गरि अर्थात खाद्यान्न, फलफूल, दही आदिको अर्घ्य दिएर चन्द्र-दर्शन गर्दा त्यो अपयशबाट बच्न सकिन्छ ।'

### पर्वको प्रारम्भ

मिथिलाञ्चल क्षेत्रमा मनाईने विभिन्न लोक पर्वहरूको प्रारम्भबारे प्रमाणिक रूपमा उपलब्ध हुँदैन । जसरी यो समाजले आˆ नो आवश्यता, सहुलियत आदिकै आधारमा यसलाई ग्रहण गरे । त्यो कतै अभिलेखको रूपमा पाइदैन । यो पीढि दर पीढि हस्तान्तरण हुँदै आए । तर पनि केहि अवधारणाहरू यस पर्वको प्रारम्भको पृष्ठभूमिमा छ जसलाई संक्षेपमा राख्न सकिन्छ ।

मिथिलाञ्चल क्षेत्रमा डाक वचन अत्यन्त प्रमाणिक र लोक ज्योतिष शास्त्रकै ऋचा जस्तै स्वीकार गरिएका छन् । कृषि कर्मबारे उनका वचन अत्यन्त सटिक हुन्थ्यो । आज पनि मिलेको छ तर पर्यावरणीय अव्यवस्थाले गर्दा तलमाथि हुने गर्दछ । एउटा वचन आएको छ, 'काशी कुशी चौठी चान, आब की रोपबह धान किसान' अर्थात चतुर्थी (शुक्ल चतुर्थी) को चन्द्रमा आकाशमा देखिसके पछि धानको रोपाइँ गर्नु हुँदैन, गर्ने बेला गई सकेको हुन्छ । यो बोल लगभग एक सय वर्ष पूर्व डाकद्वारा व्यक्त गरिएकोले यसको व्यवहार त्यस भन्दा अगाडि देखि नै समाजमा भएको अनुमान गर्न सकिन्छ ।

### चौरचनको कथा

मिथिलाञ्चल क्षेत्रमा मनाउने चौरचनको विभिन्न प्रचलित कथा रहेको संस्कृतिविदहरू बताउँछन् । उनीहरूका अनुसार श्रीकृष्णलाई आजैको दिन स्यमन्तक मणिको प्रसंगमा लागेको कलंक छुटेकोले यस पर्वको पौराणिक महत्व पनि स्थापित भएको छ ।

श्रीमद्भागवतमा एउटा कथा आएको छ । द्वापरमा द्वारिकापुरीमा सत्रजीत नामको एउटा गरिब यादव भगवान सूर्यको अराधना गरी निकै उत्कृष्ट मणि प्राप्त गरेका थिए-स्यमन्तक ।

विधिपूर्वक पूजा गरेपछि उक्त मणिबाट प्रतिदिन २० मन सुन प्राप्त गर्थे उक्त यादवले । उनी छिटै धनाढ्य हुन पुगे । चारै तिर यो खबर फिजियो । एकदिन राजाको दरबारमा सत्रजीत मणि गलामा धारण गरेर नै पुगेछन् । मणिको प्रभावले चारैतिर प्रकशित भएर दरबार नै चकमक्क भयो । श्रीकृष्णले यादवलाई मणि राजालाई दिन आग्रह गरे । तर उनले मानेनन् र बहाना बनाई घर फर्कि हाले । घरमा गएपछि राजाले लेला भन्ने डरले भाइ प्रसेनजीतलाई मणि जिम्मा लगाई सुरक्षा साथ जंगल पठाए । कालक्रममा प्रसेनजीतको मृत्यु भएपछि उक्त मणि एउटा सिंहबाट जाम्बवान नाउँको बलशाली भालुले हात पारे । भालुको निवास एउटा विशाल गुफामा थियो ।

जब प्रसेनजीतको मृत्यु र मणि हराएको खबर राजा कहाँ आयो तब उसको संदेह श्रीकृष्णमाथि नै गयो । आफूमाथि लागेको कलंक धुन श्रीकृष्ण जंगल गए र निकै खोजबिन गरे पछि त्यहाँ उपलब्ध साक्ष्यहरूको आधारमा आशंका गर्दै त्यस गुफा भित्र प्रवेश गरे । दशदिन भन्दा पनि बढी गुफाबाट श्रीकृष्ण बाहिर न आए पछि सँगै आएका सैनिकहरू निराश भै राजधानी फर्के । त्यहाँ श्रीकृष्णको लागि निकै शोकलहर चल्यो ।

समय बित्दै जाँदा अठाइसौं दिन श्रीकृष्ण मणि र एक सुन्दर महिला साथ राजधानी फर्के । वास्तवमा जामवन्त भालुसँग लडाई गर्दै अन्तमा उनलाई हराएर मणि साथ उनकी छोरी जाम्ववतीलाई लिएर उनी आएका थिए । त्यो दिन भाद्र शुक्ल चतुर्थीकै थियो । श्रीकृष्णको कलंक मुक्तिको त्यो दिनलाई स्मरणार्थ चन्द्रपूजाको विधान रूपान्तरित भएको विश्वास छ ।


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

# ललित कलामा संगीत

संस्कृत वाङ्मयमा पाँच ललित कलाहरूको व्याख्या संलग्न छ । वास्तुकला, चित्रकला, मूर्तिकला, काव्य कला र संगीत कला । यी पाँच कलाहरूमध्ये संगीतको स्थान महत्वपूर्ण छ ।

**वास्तुकला** : भवन अथवा देव मन्दिरको निर्माण इत्यादि वास्तुकला अन्तर्गत पर्दछ । प्रत्येक देव मन्दिर र भवनको सुन्दरता अलग अलग हुन्छ । कुनैपनि भवनलाई देख्ने विक्तिकै भवन निर्माता र भवनमा बस्ने व्यक्तिको मनोवृतिको अभिव्यक्तिबारे आभास हुन्छ । भवनको सुन्दरताप्रति मानिसको धारणा र आकर्षण छुट्टै हुन्छ । ललित कला अन्तर्गत यो वास्तु कला पनि एक कला हो ।

**चित्रकला** : चित्रकलामा कलाकारले आफ्नो सीप र तकनीकि अनुसार कुनै व्यक्ति वा वस्तुको चित्र चित्रण गर्छ । कलाकारको मनोभावको छाप चित्रकलामा पाईन्छ । कलाकारको अर्न्तजगतमा प्राकृतिक वस्तुको स्वरूप विधमान रहन्छ । जसलाई सीपको माध्यमले चित्र बनाएर संस्कारिकरूप प्रदान गर्दछ । चित्रकलाको सौन्दर्य लौकिक सौन्दर्यता भन्दा बेग्लै छ । जुन वस्तु हेर्नमा राम्रो छ भने राम्रो र जुन राम्रो छैन त्यसलाई खस्रो अथवा नराम्रो भनिन्छ यसैलाई लौकिक सौन्दर्यताको मापदण्ड भनिन्छ । तर चित्रकलाको सौन्दर्य अलौकिक र साश्वत हुन्छ ।

चित्रकलामा राम्रो नराम्रो वस्तुको अभिव्यक्ति स्पष्ट देखिन्छ र दुवै प्रकारको वस्तुमा अद्धितीय सौन्दर्यताको आभास पाईन्छ । वाहय जगतमा जसलाई नराम्रो भनिन्छ चित्रकलामा त्यो अभिव्यक्ति राम्रोमा बदलिन्छ । खराबभन्दा खराब वस्तुलाई पनि कलाकारले राम्रो ढंगले चित्र कोर्दा त्यसको वास्तविक रूप प्रष्ट भईहाल्छ । चित्रकलाको महत्व र सौन्दर्य वस्तुमा नभई वस्तुको चित्रणमा हुन्छ ।

**मूर्तिकला** : मूर्तिकला पनि एक ललित कला हो । पत्थर ( ढुंगा), माटो, काठ इत्यादिलाई प्राकृतिक उपकरणको प्रयोगले आकृतिको निर्माण हुन्छ त्यसलाई नै मूर्तिकला भनिन्छ । चित्रकला र मूर्तिकलामा एकदमै कम अन्तर छ । एकको निर्माण सीप अनुसार रेखांकनले हो भने मूर्तिकलाको निर्माण सीप ( तकनीकि) अनुसार गढाई ( कुँदेर) गरिन्छ । मूर्ति निर्माता माटोको मूर्तिमा अनेक भावनालाई दिग्दर्शन गराउँछ । निर्जीव चित्र वा मूर्तिमा सजीवता आउनु मूर्तिकला तथा चित्रकलाको विशेषता मानिन्छ । सौन्दर्य र आकर्षणको फलस्वरूप नै मूर्तिकलाको गणना ललित कलामा गरिएको छ ।

**काव्य कला** : काव्य कलामा चित्रकला र मूर्तिकला दुवै समाविष्ट भएको बुझिन्छ । काव्य कलामा दुइटै विधा अत्यन्त सूक्ष्मरूपले विधमान रहन्छ । कविले वाहय जगतको मूर्त अमूर्त विषय लिई काव्यको रचना गर्छ । काव्यकला संगीतको अत्यन्त नजिक छ । कविले शव्द र अर्थको माध्यमले आफ्नो मनोभाव र अभिव्यक्तिको व्याख्या गर्छ । कविको विचारधारा अन्तर्मुखी भईसकेपछि उसको मन व्यक्तिगत सीमाको अतिक्रमण गरी सार्वभौम भईहाल्छ । तत्पश्चात उसको मनोभाव जनसाधारणको मनोभाव भईहाल्छ । त्यसैले उच्चकोटीको काव्यमा मानव ईच्छाको अनुभूतिको अभिव्यक्ति हुन्छ ।



निलाम्बरसिंह दनुवार

**संगीतकला** : संगीत पनि एक ललित कला हो । संगीतले आफ्नो मनोगत भावना र कल्पनालाई स्वर, लय र तालको माध्यमले व्यक्त गर्दछ । संगीतको स्थान अन्य ललित कलाहरूमा सर्वश्रेष्ठ छ । संगीतकलाको क्षेत्र व्यापक एवं विस्तृत छ । वास्तुकला, मूर्तिकला र चित्रकलाको क्षेत्र सीमित छ । काव्य कलाको क्षेत्र उपरोक्त तिन वटै कलाको अपेक्षा व्यापक छ । तर संगीत कलाको अपेक्षा सीमित छ ।

काव्य कलाको लागि वर्णित विषय शब्द तथा अर्थको आवश्यकता पर्छ । तर संगीतको लागि मात्र स्वर र तालको आवश्यक्ता पर्छ । अनिवद्ध गायनमा तालको आवश्यकता पर्दैन । प्राचीन कालमा मात्र रागको स्वरलाई स्वतन्त्र स्वर विस्तार गर्ने गरिन्थ्यो । त्यो एकदमैं आकर्षक, रोचक र आनन्दमय हुन्थ्यो । आजपनि स्वर विस्तारको मधुर ध्वनिले चेतन अचेतन सबै प्राणी मुग्ध हुनेगर्छ ।

संगीत कलाद्वारा जो भाव प्रस्तुत गरिन्छ, संगीतमा वास्तु, चित्र, मूर्ति र काव्यकला यी चारै कलाको प्रतिविम्व केन्द्रित हुन्छ । भवन, चित्र र मूर्तिको निर्माणमा कलाकारलाई सतर्कता साथ काम गर्नुपर्छ । प्रयोग गरिने उपकरण योजना अनुसार प्रयोग नहुँदा मूर्ति र भवनको स्वाभाविक आकृतिको अभिव्यक्ति बिग्रन सक्छ । संगीत कलाको सन्दर्भमा पनि त्यही विषय आउँछ ।

गायक, वादक एवं नर्तकले पनि के ध्यान पुर्‍याउन पर्छ भने वास्तवमा रागको कुन स्वर पछि कुन स्वर प्रयोग गर्दा रागको वास्तविक स्वरूप कायम र व्यक्त हुनसक्छ । काव्य कला सधै संगीत कलासित अनुप्रामाणित छ । संगीत विना काव्यको अस्तित्व रहनै सक्दैन । काव्यबाट संगीतको तत्व निकाली दिदा काव्यको सवै काव्यत्व नष्ट भई हाल्नेछ ।

ललित कला बाहेक संगीतले आफ्नै किसिमको अद्धितीय विशेषता ओगटेको छ । यसको सौर्न्याकर्षणले चेतन अचेतन दुवै प्रकारको प्राणी मुग्ध हुने गर्छ तर वास्तु, चित्र र मूर्ति आदि कलाबाट चेतन प्राणी मात्र आकृष्ट हुन्छ । काव्य कलाको अनुभूति मानिस मात्रले अनुभव गर्न सक्छ । सम्भवत : सहृदयी र काव्य तत्वलाई जान्नेले मात्र पूर्णतया बुझ्नसक्छ । मानिस मात्रले कविता सुनेर, बुझेर मुग्ध भई जाओस तर वस्तुमाथि कविताको केही प्रभाव पर्दैन ।

संगीत एक यस्तो कला हो सुनेर यसबाट वस्तु र मानिस मुग्ध हुन्छ नै साथै रूख, बोट विरूवा तथा पातहरूमा पनि हरियापना आउँछ र पल्लवित हुन्छ । संगीतको माध्यमले बोटबिरूवाको विकास हुन्छ भन्ने भनाइ आधुनिक वैज्ञानिकहरूको मत छ । संगीत कला मात्रले धेरै रोगहरूलार्य समन (निदान) गर्ने एक साधन पनि हो । हतपत स्वास्थ्य लाभको लागि आसन तथा अन्यान्य व्यायामले जो असम्भव छ, त्यो संगीतको माध्यमले स्वास्थ्य लाभ सम्भव छ ।

संगीतमा पाइने उपयोगिता अन्य ललित कलामा छैन । संगीत कला मानव मनोरन्जनको साधन हो । संगीतले आत्मसाक्षात्कारको माध्यमले ईश्वर प्राप्ति भक्तिका लागि श्रेयस्कर मार्ग दिन्छ । संगीत कलाको स्थान अनन्य सवै कलामा सर्वोत्कृष्ट छ । प्रत्येक दृष्टिकोणले संगीतको स्थान सवै ललित कलामा महत्वपूर्ण छ भन्ने प्रमाणित छ ।

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा प्रदेश नं. २ नेपाल
धनगढीमाई नगरपालिकाद्वारा सार्वजनिक हितमा जारी
अत्यन्त जरुरी सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को संक्रमणबाट धनगढीमाई नगरपालिका पनि उच्च जोखिममा रहेको तथा भिडभाड हुने हाट बजार क्षेत्रहरु, पसल, होटलहरु र जनसम्पर्क अधिक हुने निजी, सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा कार्यरत पदाधिकारी र कर्मचारीहरुमा यसको संक्रमण देखिएको, आम नागरिकमा पनि यसको संक्रमण छिटफुट रुपमा देखिएकोले यो रोग समुदायस्तरमा फैलन सक्ने सम्भावना भएकोले नगरपालिका भित्र मिति २०७७।०४।२५ बाट शुरु भई बन्दाबन्दी लागू भएको व्यहोरा सबै नगरवासीमा अवगतै छ । यस्तो अवस्थामा यस रोगबाट सुरक्षित रहन आवश्यक उच्च सतर्कता अपनाउनको लागि पटक–पटक साबुन पानीले हात धुन, स्यानिटाईजर प्रयोग गर्न, मास्क प्रयोग गर्न र सामाजिक दूरी (२ मिटर) कायम गर्न नगरपालिका सबै नगरवासीमा अनुरोध गर्दछ । साथै घर बाहिर ननिस्कन, भिडभाड नगर्न, सामाजिक क्रियाकलापहरु भोज भतेर नगर्न नगराउन हुन समेत नगरपालिका अनुरोध गर्दछ । यसका साथै मिति २०७७।०५।०५ गतेको कोरोना आपतकालिन व्यस्थापन केन्द्र (CCMC) को वैठकको निर्णयका देहायका विषयहरु सबै नगरवासीहरुको जानकारी एवं परिपालनाको लागि सार्वजनिक गरिएको छ ।

१. PCR Test मा Positive रिपोर्ट आएका व्यक्तिहरुको घरपरिवारका सदस्य तथा नजिकका छिमेकीहरुको माध्यम र सम्पर्कमा आएका व्यक्तिहरुको तत्कालै Contact Tracing गरि नामावली संकलन गर्ने कार्य भईरहेकोले Contact Tracing Team को सम्पर्कमा आउने र सहयोग गर्ने ।
२. PCR Test को लागि स्वाब संकलन गरिएका तर नतिजा नआएका व्यक्तिहरु तत्कालबाट आ–आफ्नो निवासमा होम क्वारेन्टाईनमा रहने ।
३. PCR Test को नतिजा Positive आएका व्यक्तिहरु Home Isolation मा बस्नल चाहेमा नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम होम आइसोलेशनमा बस्नक सक्ने र सोका लागि नगरपालिकामा सम्पर्क राख्ने ।

२०७७/५/०५
शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

## बाटो बिस्तारको ...

बिस्तारको नाममा उत्खनन् भइरहेको भनिए पनि त्यहाँको माटो अन्यत्रै ढुवानी गरेर बिक्री गरिरहेको उनीहरूको आरोप छ । उत्खनन्स्थलमा मंगलबार मिर्चैया नगरपालिका–७ का जनप्रतिनिधि, स्थानीय र प्रहरी टोली पुग्दा माटो ढुवानी गरिरहेका ट्रिपर तथा जेसिभी चालक त्यहाँबाट फरार भएको स्थानीयले बताए । उत्खनन् स्थलमा पुगेको टोलीले डिभिजन वन कार्यालयलाई जानकारी गराएपछि वन टोली साँझ अबेर पुगेका थिए । अवैध उत्खनन् भइरहेको ठाउँमा स्थानीयहरू पुगेपछि उनीहरू सबै भाग्नुले पनि यहाँ अवैध तरिकाले उत्खनन् गरी माटो बिक्री गर्ने काम भइरहेको स्थानीयको दाबी छ । 'बाटो बिस्तार हुनु राम्रो हो,' स्थानीय रामेश्वर यादवले भने, 'तर सडक बिस्तारको नाममा यहाँबाट लिइएको माटो अन्यत्रै लगेर बिक्री गरिनु हुन्न, यसमा वन कार्यालयको मिलोमतो देखिन्छ ।'

यता, डिभिजन वन कार्यालय लहानले मंगलबार सडक बिस्तारको काम भइरहेको जानकारी आएको बताएको भोलिपल्ट उत्खनन् गरिरहेका ठेकेदारले डिभिजन वन कार्यालयसँग भएको सम्झौता पत्र लिएर आएका छन् ।

यसअघि उत्खनन् गरिरहँदा फन्दामा परेपछि भागेको र एकदिनमै सम्झौता पत्र लिएर आउँदा आश्चर्य लागेको स्थानीय बताउँछन् । ठेकेदारले सम्झौता पत्र नगरपालिका, वडा कार्यालय र वन समितिलाई देखाएर फेरि उत्खनन् गरी माटो बाहिर पठाउने काम थालेको स्थानीयले गुनासो गरे ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
-: जनहितका लागि :-
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# स्थानीय सरकारका चुनौती

## पालिका बहस

**डा. कृष्ण पौडेल**



संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र स्थानीयकरण गर्ने क्रममा तीन चरणमा निर्वाचन भए र स्थानीय सरकार क्रियाशील छन् । विविध प्रतिकूलताका बाबजुद जनप्रतिनिधिहरु अहोरात्र जनताको सेवा, विकास र समृद्धिका लागि जुटेका छन् । जनप्रतिनिधिहरु नागरिकको घरदैलोमा सिंहदरबारको अधिकार अनुभूति गराउन प्रयासरत छन् ।

स्थानीय तहको पुनर्संरचना र जनप्रतिनिधिहरूको उपस्थितिले अपेक्षा र विश्वास तीब्र रूपमा जगाए पनि प्रभावकारी रूपमा काम हुन सकेको छैन । स्थानीय तहको पुनर्संरचना र जनप्रतिनिधिहरूको उपस्थितिले अपेक्षा र विश्वास तीब्र रूपमा जगाए पनि प्रभावकारी रूपमा काम गर्न वा हुन नसकेको प्रतिक्रिया आउन थालेका छन् । संविधानले स्थानीय सरकारलाई विशिष्ट प्राथमिक अधिकार र जिम्मेवारी दिएको छ । जनप्रतिनिधिहरूको बहाली भए पनि बहुआयामिक संक्रमण, पुरानै मानसिकता र संरचनाका कारण स्थानीय तहका कामहरु प्रभावकारी हुन सकेका छैनन् । स्थानीय तहले गाउँ वा नगरसभासमेत गर्न नसकेका र विकासका कामहरु सुस्त बनेका खबरहरूले निराशाका संकेतहरु देखा पर्दैछन् ।

### क्षमता विकासमा प्रतिकूलता

स्थानीय जनप्रतिनिधिहरु जुन प्रतिबद्धता र अपेक्षासाथ निर्वाचित भएर आएका छन्, तिनलाई पूरा गर्न अधिकांशमा अनुभवको कमी छ । समावेशिताले बहुसमुदायको प्रतिनिधित्वको अवसर सिर्जना गरे पनि क्षमताका प्रतिकूलताहरूले काम गर्न अप्ठ्यारो सिर्जना गरेको छ । बीस वर्षसम्म स्थानीय निर्वाचन नहुँदा अवसर, अनुभव र परिपक्वताले आवधिक परीक्षा र गतिशीलता प्राप्त गर्न सकेन । प्रमुख र उपप्रमुखमा लैंगिक सन्तुलनले एकातर्फ समावेशिताको अवसर सिर्जना गऱ्यो । अर्कोतर्फ त्यसलाई मिलाउने क्रममा क्षमता र अनुभवमा केही प्रतिकूलताहरु देखापरेको छ । अधिकांश स्थानीय तहमा प्रशासनिक, आर्थिक र न्यायिक कामहरूमा क्षमता विकास गर्ने र दक्ष हुने वा बनाउने कार्यमा कमी छ । जनप्रतिनिधिहरु मात्रै होइन र जनप्रतिनिधिहरूलाई गाइड गर्ने र निर्णयहरूलाई कार्यान्वयन गर्ने कर्मचारीहरूमा पनि क्षमता, अग्रसरता र पहलकदमीमा समस्या देखिएको छ ।

### कर्मचारी र सन्तुलन अभाव

जुन रूपमा स्थानीय तहको परिकल्पना गरेर प्रयोगमा ल्याउन खोजियो । त्यसलाई कार्यान्वयन गर्ने सक्षम जनशक्तिको अभावले स्थानीय तहहरु सघन प्रभावित छन् । महिनौंसम्म प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत, प्राविधिक तथा प्रशासनिक जनशक्तिको अभावले स्थानीय तह सञ्चालनमा गम्भीर समस्याहरु देखापरेको छ । समायोजनको हदम्याद र कर्मचारीहरु स्थानीय तहमा आउन अनिच्छाले जनप्रतिनिधिहरूको काम प्रभावकारी बन्न सकेका छैनन । स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्धमा पनि समस्याहरु देखापर्ने गरेका छन् ।

### केन्द्रीकृत मानसिकता

स्थानीय तहमा सरकार बने पनि तिनलाई प्रभावकारी रूपमा काम गर्न नदिने केन्द्रीकृत मानसिकताले काम गरिरहेको छ । संविधान र ऐनले अधिकार दिने तर एउटा निर्देशनले काम गर्न रोक्ने विरोधाभास अभ्यासले जनप्रतिनिधिहरु काम गर्न सकिरहेका छैनन् । केन्द्रमा रहेका कतिपय प्रशासकहरूको सोच र कार्यशैली नै स्थानीय सरकारलाई निर्बाध रूपमा काम गर्न बाधा सिर्जना गरिरहेको छ । स्थानीय सरकार र जनप्रतिनिधिहरूलाई असफल देखाएर अधिकारमाथि नै केन्द्रित गर्ने प्रयास भइरहेका छन् । सामाजिक सुरक्षा, शिक्षक कर्मचारीको तलब र साधारण बजेटको हिस्सा बढी छ भने कतिपय विकासे काम र बजेट स्थानीय तहमा हस्तान्तरण हुन सकेका छैनन् वा बीचमै अलमलिएको अवस्था पनि छ ।

### स्थानीय अन्तरविरोधहरू

अधिकांश स्थानीय तहमा राजनीतिक दलहरूको मिश्रित परिणाम छ । जनप्रतिनिधिहरु सुशासन, समृद्धि र सामाजिक न्यायका कामहरूमा दलविशेष भन्दा माथि उठेर काम गर्ने वा गर्न दिने वातावरण अझै बन्न सकेको छैन । कार्यपालिका वा सभामा दलका प्रतिनिधिहरूबीच विकासका लागि साझा समझदारी बन्न नसक्दा काम प्रभावित छन् । त्यस्तै स्थानीय विभिन्न अन्तरविरोधका कारण पनि काम गर्न अप्ठ्याराहरु देखापरेका छन् ।

### स्रोत र सामर्थ्य

स्थानीय सरकारहरूको सञ्चालनमा स्रोत र सामर्थ्यको अभाव छ । आन्तरिक स्रोतको अवस्था कमजोर छ र त्यसलाई सुधार वा वृद्धि गर्नेतर्फ ध्यान पुग्न सकेको छैन । स्थानीय तहले पाएका आयस्रोतहरु सीमित छन् । आन्तरिक आयवृद्धिका लागि लगाइने करहरु जनप्रतिनिधिहरूको अलोकप्रियताका कारक बन्नेछ । गाउँहरु नगरमा रूपान्तरित हुँदा केन्द्रीय सरकारप्रतिको कर दायित्व बढेको छ भने स्थानीय रूपमा लगाउँदा दोहोरो र बढी करले नागरिक समुदायमा सकारात्मक सन्देश जाने अवस्था छैन । कतिपय स्थानीय तहका सामर्थ्यको अवस्था पनि कमजोर छ । स्थानीय तहको पुनर्संरचनामा हतारो र विभिन्न खाले आग्रहका कारण स्रोत र सामर्थ्यमा पर्याप्त ध्यान पुग्न सकेको छैन ।

### अब ढिला गर्नुहुन्न

स्थानीय सरकारलाई अधिकारसम्पन्न र जिम्मेवार बनाउने र जनप्रतिनिधिहरूको भूमिकालाई प्रभावकारी बनाउने कुरामा अब ढिला गर्नुहुन्न । जनप्रतिनिधिहरु आफनो परिभाषित जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्न गम्भीर हुनुपर्छ । विकास र समृद्धिलाई अनेकन् बहानामा ढिला गर्ने वा अलमल्याउने प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्छ ।

केन्द्र र प्रदेश सरकारले स्थानीय तहको प्रभावकारी सञ्चालन र व्यवस्थापनका लागि आवश्यक कानुन, नीतिनियम, बजेट र अन्य पक्षको सहजीकरण गर्नेतर्फ ध्यान दिनुपर्छ । स्थानीय तहसँग नागरिक समुदाय प्रत्यक्ष रूपमा जोडिएका छन् र उनीहरूको भूमिकाको प्रभावकारिताले लोकतन्त्र र शासनव्यवस्था दीगो हुनसक्छ । स्थानीय जनप्रतिनिधिहरूलाई ज्ञान र सीपले पूर्ण बनाउने र आम नागरिकका अपेक्षा र विश्वासलाई स्थापित गर्ने कुरामा ध्यान पुग्नुपर्छ । आम नागरिकले चाहेको समृद्ध नेपाल बनाउने अभिभारालाई पूरा गर्न स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहने कुरामा दुईमत छैन ।

## शनिबार विशेष : फोटो फिचर













गरेका छन् । कार्यालयमा कर्मचारी नियमित आउँथे ।' प्रमुख प्रशासकिय अधिकृत र लेखा निरन्तर बसेपछि यो कार्य सफल भएको उनको भनाइ छ । 'कोरोनाको बेला काम नगर्ने कि भन्ने स्थिति पनि बनेको थियो । तर, हामीले आँट गऱ्यौँ र काम सुरू गऱ्यौ,'प्रमुख प्रशासकिय अधिकृत चौलागाँईले भने,'विकासका कामहरूमा राम्रै प्रगति भएको छ ।'


## कोरोना भाईरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवाद गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टि गाउँपालिका कार्यालय, सिरहा

छोराछोरीलाई समान शिक्षा दिऊ । जनहितमा जारी लहानपोस्ट्


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)